नेपाल नागरिक उड्डयन प्राधिकरण (हवाई यातायात क्षमता अभिबृद्धि आयोजना, सिनामंगल) बाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नती सम्वन्धि खरिद सम्झौता अन्त्य गरिएको सम्वन्धमा तयार गरिएको

# स्वेत–पत्र

ब्यवस्थापिका-संसद, विकास समितिको मिति २०७३।१२।३० गते वसेको १२०औं बैठकको निर्णयको बुदा नं. ८ बमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गर्नको लागि अन्तर्राष्ट्रिय निर्माण ब्यवसायी M/s Constructora Sanjose, S.A., Spain संग भएको खरिद सम्झौता अन्त्य गरिएको सम्वन्धमा निम्न लिखित विवरण सहितको स्वेत-पत्र सर्वसाधारणको जानकारीको लागि तयार गरिएको छ ।

१. Asian Development Bank (ADB) को Loan No. 2581 NEP(SF) तथा Grant No. 0181 NEP(SF) सहयोगमा संचालित Air Transport Capacity Enhancement Project (ATCEP) अन्तर्गत ICB-01: Airside Infrastructure and Landside Terminal Improvement at TIA, Simikot & Rara Airports कार्य गर्नको लागि Civil Aviation Authority of Nepal (CAAN) र International Competitive Bidding (ICB) मार्फत छनौट भएको निर्माण ब्यवसायी M/s Constructora Sanjose, S.A., Spain बिच मिति 21 December, 2012 मा ठेक्का सम्झौता भएको । उक्त सम्झौताको रकम 13% VAT सहित NRs. 4,308,838,048.57 र USD. 20,530,321.39 रहेको । उक्त ठेक्का सम्झौता बमोजिम ICB-01 को निर्माण कार्य 17 March, 2013 बाट शुरु भई १०९५ दिन अर्थात 15 March 2016 मा संपन्न हुनु पर्ने ब्यवस्था रहेको ।

२. उक्त कार्यको Detail Design तथा Construction Supervision अन्तर्राष्ट्रिय परामर्शदाता Japan Airport Consultant in Association with GEOCE Consultants P. Ltd. (JAC/GEOCE) बाट भएको ।

३. शुरु सम्झौता अनुसार उक्त ठेक्का 15 March, 2016 मा सम्पन्न हुनु पर्ने भएतापनि November, 2016 सम्ममा पनि अन्त्यतै न्यून कार्य प्रगती (Physical Progress 17.00% र Financial Progress 16.55%) रहेको ।

४. निज निर्माण ब्यवसायीबाट बिभिन्न वहानावाजी गरि काममा ढिला सुस्ती गरिरहेको र सम्झौता अनुसारको कार्य सम्पन्न गर्न कुनै मनसाय समेत नदेखाएकोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गुरु योजना अनुसार निर्माण विकास, विस्तार र स्तरोन्नतिमा गम्भिर असर पर्ने देखिंदा उक्त खरिद सम्झौता अन्त्य गर्नु वाहेक अर्को विकल्प यस प्राधिकरणसंग नभएको ।

५. उक्त खरिद सम्झौताको GCC 15.2 मा भएको ब्यवस्था, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा भएको ब्यवस्था, Design and Supervision Consultant को सिफारिस, ADB को International FIDIC Contract Advisor को प्रतिवेदन, ADB बाट प्राप्त भएको Contract Termination गर्नको लागि No objection Letter, Reliance Law Firm को Legal Opinion, नेपाल नागरिक उड्डयन प्राधिकरणका कानूनी परामर्शदाताहरुको कानूनी राय समेतका आधारमा निज निर्माण ब्यवसायी M/s Constructora Sanjose, S.A., Spain संग भएको उक्त निर्माण कार्यको खरिद सम्झौता अन्त्य गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण, संचालक

समितिमा निर्णयार्थ पेश हुंदा मिति २०७३।०८।१७ को संचालक समितिको ३२५औं बैठकबाट देहाय बमोजिम निर्णय भएको ।

<u>संचालक समितिका निर्णयको सार :</u>

क) हवाई यातायात क्षमता अभिबृद्धि आयोजना अन्तर्गत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ICB-01 को निर्माण कार्य गरिरहेको ठेकेदार M/s Constructora Sanjose S.A., Spain ले सम्झौता बमोजिमको कार्य नगरेकोले निजसंग भएको सम्झौता (Contract Agreement) को GCC 15.2, एशियाली विकास बैंकको सिफारिस र सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ५९ को उपदफा (२) को खण्ड (क) तथा सोहि दफाको उपदफा (७) मा भएको व्यवस्था बमोजिम निजसंगको खरिद सम्झौता अन्त्य (Contract Termination) गर्नको लागि Notice to Termination दिने ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ५९ को उपदफा (८) मा भएको व्यवस्था बमोजिम निजको सम्पूर्ण Performance Guarantee तथा Advanced Payment Guarantee हरु जफत गर्ने ।

ग) निजलाई अव आइन्दा नेपाल नागरिक उड्डयन प्राधिकरण अर्न्तगत हुने कुनै पनि सार्वजनिक खरिद प्रकृयामा भाग लिन नपाउने गरी कालो सूचि (Black List) मा समावेश गर्ने ।

घ) निजलाई नेपाल भर हुने सार्वजनिक खरिद प्रकृयामा भाग लिन नपाउने गरी सार्वजनिक खरिद ऐन. २०६३ (संशोधन सहित) को दफा ६३ बमोजिम कालो सूची (Black List) मा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने ।

ङ) ADB को Sanction List मा समावेश गरिदिन ADB लाई लेखि पठाउने ।

च) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विकास तथा विस्तारको कार्यलाई नयाँ खरिद प्रकृया मार्फत अगाडि वढाउने ।

<u>खरिद सम्झौता अन्त्य गर्ने निर्णय भए पश्चात :</u>

क) निर्माण ब्यवसायी M/s Constructora Sanjose S.A., Spain लाई मिति 27th December 2016 को पत्रबाट Notice of Termination दिएको ।

ख) उक्त कम्पनीले विभिन्न बैंकहरुबाट (श्री इन्भेस्मेन्ट बैंक र श्री लक्ष्मी बैंक) Performance Guarantee वापत रु. ५७,७९,८६,३१३।०९ र Advance Payment Guarantee वापत रु. १,०८,०२,४७,६२६।१८ गरी जम्मा रु. १,६५,८२,३३,९३९।२७ जफत गरिएको ।

ग) ADB को Sanction List मा समावेश गरिदिन ADB लाई मिति December 05, 2016 को पत्रबाट लेखिएको ।

घ) नेपाल नागरिक उड्डयन प्राधिकरण, हवाई यातायात क्षमता अभिबृद्धि आयोजना र परामर्शदाता (विपक्षीहरु) को मिलेमतोमा कपटपूर्ण मनसायबाट करार (सम्झौता) रद्द गरी बैंक ग्यारेण्टीको रकम पचाई खाने जालसाजीपूर्ण कार्य हुने आशंका भएको उल्लेख गरी सम्झौता यथास्थितिमा राख्नु एवं बैंक ग्यारेण्टी जफत गरी रकम लिने दिने कुनै पनि कार्य नगर्न/नगराउन भनी विपक्षीहरु र बैंकहरुको नाममा अन्तरकालिन आदेश जारी गरी पाउन Contractor (Sanjose) ले श्री जिल्ला अदालत, काठमाण्डौमा करारको उपयुक्त आदेशका

लागि मिति २०७३।०८।२२ मा दिएको निवेदन उपर मिति २०७३।०९।०१ मा द्विपक्षीय सुनुवाई हुँदा जिल्ला अदालतले *"करार ऐन २०५६ को दफा ८७ बमोजिमको आदेश जारी गर्न मिलेन, निवेदन खारेज हुने ठहर्छ"* भनी निवेदन खारेज हुने फैसला भएको ।

ङ) Contractor ले सोही ब्यहोराको श्री उच्च अदालत, पाटनमा निषेधाज्ञायुक्त परमादेश जारी गराई पाउन मिति २०७३।०८।२४ मा दिएको निवेदन उपर मिति २०७३।०८।२६ मा अन्तरिम आदेश भएकोमा मिति २०७३।०९।०४ को द्विपक्षीय सुनुवाई पश्चात मिति २०७३।०८।२६ को अन्तरिम आदेशलाई निरन्तरता दिनु परेन भन्ने आदेश भएको ।

च) Contractor ले 17 December 2016 मा Singapore International Arbitration Centre (SIAC) समक्ष निजको बैंक ग्यारेन्टीहरु Employer (CAAN) ले अनाहकमा जफत गर्न खोजेको हुँदा SIAC को Rule अनुसार Emergency Relief पाउँ भनी निवेदन दिएको । सो सम्वन्धमा 22 December 2016 मा Emergency Arbitrator समक्ष Conference Call मार्फत द्विपक्षीय सुनुवाई (Hearing) भएको । Emergency Arbitrator ले निजको निवेदनको माग विपरित यस Emergency Arbitration को Application fee का साथै Respondent (CAAN) ले यस मामिलाका सम्वन्धमा ब्यहोर्नु परेको Legal and other cost समेत Claimant (Constructora Sanjose) ले ब्यहोर्नु पर्ने भनी 27 December 2016 मा निर्णय (Decision) दिएको ।

छ) 16 January 2017 मा Employer (CAAN) को तर्फबाट Sanjose लाई काममा ढिलाई गरे वापत हर्जना तथा निजले करार बमोजिमको काम सम्पन्न नगरेकोले हुन सक्ने क्षतिपूर्ति वापत करिव रु. ३,१६२,३३८,०११।४६ र US$ 21,767,893.55 बराबरको Claim गरिएको ।

ज) परामर्शदाताले Contractor लाई दिएको करिव ५९६ दिन म्यादथप (Extension of Time) का सम्वन्धमा पनि असहमती जनाउदै Dispute Board (विवाद सामाधान बिज्ञ) समक्ष आयोजनाले निवेदन दिएको । यस विषय Dispute Board मा विचाराधिन रहेको । निर्णय आउन बांकि रहेको ।

झ) Employer (CAAN) र Contractor (Sanjose) को विभिन्न Claim हरु र Valuation at the date of termination को सम्वन्धमा परामर्शदाता (JAC/GEOCE) ले Assessment गरी 26 April 2017 मा Engineer's Determination दिएको । उक्त Determination को आयोजनाबाट अध्ययन भईरहेको र यस प्राधिकरण/आयोजनालाई चित्त बुझ्दो नभएमा Dispute Board समक्ष निवेदन दिने तयारी भईरहेको ।

ञ) उक्त ठेकेदार कम्पनीलाई अव आईन्दा नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत हुने कुनै पनि सार्वजनिक निर्माणमा भाग लिन नपाउने गरी कालो–सूचि (Blacklist) मा राख्न श्री सार्वजनिक खरिद अनुगमन कार्यालयलाई मिति २०७३।११।२० र २०७३।१२।२२ को पत्रबाट अनुरोध गरिएको ।

ट) त्रिभुवन विमानस्थलको विस्तार तथा विकासको कार्यलाई ३ वटा भिन्ना भिन्नै Packaging गरी मिति २०७३।११।२३ (March 06, 2017) टेण्डर आब्हान भई मूल्यांकन प्रकृयामा रहेको ।

ठ) सो ठेक्काको बांकि निर्माण कार्यहरुको टेण्डर आब्हान गर्नको लागि अध्ययन भैरहेको ।